# भगवति सामुदायिक वन उपभोक्ता समूह,

## पाणिनि गाउँपालिका वडा नं. ०७, अर्घाखाँची

## काठ/दाउरा लिलाम सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित : २०८३/०२/०६ (मध्यान्ह राष्ट्रिय दैनिक)

यस सामुदायिक वनको स्वीकृत वन कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय, अर्घाखाँचीबाट संकलन सहमति लिई संकलन गरेको काठ पाणिनि गा.पा. ०७, मा घाटगद्दीमा रहेको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने भएकाले यो सूचना प्रकाशन गरिएको छ । काठ कारोबार गर्ने उद्देश्यले स्थायी लेखा नम्बर (PAN) र मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ ।

| सि.नं. | जात | लट नं. | ग्रेड | गो.थान | घन फिट | न्यूनतम दररेट प्रति इकाइ | कटान मुछान खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | खोटे सल्ला | १ | A | १० | १३१.९८ | २५०/- | काठ प्रति घनफिट रु. १७५/- |
| | | | B | २९३ | २११४.२४ | १५०/- | |
| | कुल जम्मा | | | ३०३ | २२४६.२२ | | |

१. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय २०८३/०२/२६ गते कार्यालय समय भित्र विदा परे सो को भोलिपल्ट ।

२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८३/०२/२७ गते अपरान्ह ३:०० बजे भित्र विदा परे सो को भोलिपल्ट ।

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु

क) समुहको कार्यालय ख) डिभिजन वन कार्यालय अर्घाखाँची

४. बोलपत्रसाथ कबोल गरेको रकम १०% ले हुन आउने रकम यस सामुदायिक वनको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय सन्धिखर्क, अर्घाखाँचीमा रहेको खाता नम्बर ३०५०१००००३२७०००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ वा कम्तिमा ६ महिनाको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ ।

५. प्रति बोलपत्र वापत रु १०००/- (एक हजार रुपैयाँ मात्र) लाग्नेछ र सो रकम पनि उपरोक्त बैंक खातामा जम्मा गरेको भौचर पेश गरेपछि मात्र पाइनेछ ।

६. लिलाम हुने वन पैदावार पाणिनि गा.पा. ०७ मा रहेको घाटगद्दीमा स्थलगत रुपमा हेर्न सकिनेछ ।

७. रितपूर्वक र न्यूनतम संख्याको बोलपत्र पेश भएमा मिति २०८३/०२/२७ गते दिउँसो ३:०० बजे समितिका पदाधिकारी, वन कर्मचारी, खरिद कर्ता प्रतिनिधि उपस्थित नभए पनि र अन्य व्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिनेछ ।

८. लिलाममा भाग लिन चाहने व्यक्ति वा फर्मले नागरिकता र कर चुक्ताको प्रमाणपत्र उद्योग दर्ता मूल्य अभिवृद्धि कर (VAT) मा दर्ताको प्रमाण पत्र र स्थायी लेखा नम्बर (PAN) र डिभिजन वन कार्यालयमा सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपिहरु बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९. सकार रकम अंक र अक्षरमा लेखुपर्नेछ । अंक र अक्षरमा फरक पाइएमा अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

११. लिलाम स्वीकृत भएको जानकारी पाएको ४५ (पैतालिस) दिन भित्र नलगेमा धरौटी जफत गरी दोस्रो हुनेलाई दिईनेछ ।

१२. थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्नुहोला ।

१३. अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

CamScanner